आज मिति २०७८।१२।२५ गतेका दिन कपुरकोट गाउँ कार्यपालिकाको ~~६९~~ ६० औं बैठक गाउँपालिका अध्यक्ष श्री भिम बहादुर सेनज्युको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमको प्रस्तावहरु माथी छलफल गरी निर्णयहरु पारित गरियो ।

उपस्थिति

| क्र.स. | पदाअधिकारीहरुको नाम | पद | कार्यपालिका | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री भिम बहादुर सेन | गा.पा.अध्यक्ष | अध्यक्ष | |
| २ | श्री तिला बुढामगर | गा.पा.उपाध्यक्ष | सदस्य | |
| ३ | श्री भरत कुमार वली | प्रमुख प्रशासकीय अधिकृत | सचिव | |
| ४ | श्री बालाराम खड्का | १ नं.वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री मान बहादुर राना | २ नं.वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री मिन बहादुर सेन | ३ नं.वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री हरिलाल पुन | ४ नं.वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री यम बहादुर बस्नेत | ५ नं.वडा अध्यक्ष | सदस्य | |
| ९ | हेरम बहादुर बुढाथोकी | ६ नं वडा अध्यक्ष | सदस्य | |
| १० | श्री कमला विक | कार्यपालिका सदस्य | सदस्य | |
| ११ | श्री ललिता गिरी | कार्यपालिका सदस्य | सदस्य | ललिता |
| १२ | श्री शान्ता वली | कार्यपालिका सदस्य | सदस्य | |
| १३ | श्री ठगबीर कामी | कार्यपालिका सदस्य | सदस्य | |
| १४ | श्री यमुना नेपाली | कार्यपालिका सदस्य | सदस्य | यमुना |

आमन्त्रित

श्री विष्णु प्रसाद आचार्य- लेखा प्रमुख

श्री हुकुम वली- आ.ले.प.

२०७८।१२।२५

कपुरकोट गाउँपालिकाको मिति २०७८।१२।२५ गतेको ६९ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरू : ६०

**निर्णय नं १**

गरिव घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम, गुनासो सुनुवाई मार्गदर्शन २०७८ बमोजिम कपुरकोट गाउँपालिकाको गुनासो सुनुवाई समितिले पेश गरेको विवरण अनुसार गरिव परिवारको सुचीमा नपरेका २६७ घर परिवारलाई गरिव परिवारको सुचीमा समावेश गर्नका लागि भुमि, व्यवस्था तथा सहकारी मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं २**

आ.व. २०७८।०७९ को लागि वहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत कपुरकोट गाउँपालिकामा पोषण सुधारका लागि विद्यालय खानेपानी तथा सरसफाई योजना निर्माण वा मर्मत सम्भार शिर्षकमा रू.८,००,०००।-(अक्षरूपी आठ लाख मात्र) विनियोजन भएकोमा उक्त कार्यक्रम कार्यान्वयनका लागि कपुरकोट ३ स्थित कालिका माध्यमिक विद्यालयलाई छनौट गर्ने निर्णय गरियो ।

**निर्णयं नं ३**

कपुरकोट गाउँपालिकामा हाल सम्म पदाधिकारी तथा जनप्रतिनिधीको नाममा रहेको असुल गर्नुपर्ने बेरूजु रकम यथाशिघ्र दाखिला गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

आर्थिक सहायता र राहत माग गरि यस कार्यालयमा विभिन्न मितिमा प्राप्त निवेदनका सन्दर्भमा वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७८।११।०२ र सामाजिक विकास समितिको मिति २०७८।११।१९ को बैठकको सिफारिस अनुसार आर्थिक सहायता र राहत उपलब्ध गराउने निर्णय कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई कार्यादेश दिने निर्णय गरियो । निर्णय नभएका वा त्यसपछि आएका निवेदन उपर नियमानुसार गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

आगामी बैशाख ३० गतेका लागि तोकिएको स्थानीय तहको निर्वाचनमा स्थानीय तहको जिम्मेवारीमा आउन सक्ने दायीत्वलाई व्यवस्थापन गर्न औचित्यको आधारमा आवश्यक बजेट व्यवस्थापन गर्नका लागि सहमति दिने निर्णय गरियो ।

**निर्णय नं ६**

ठेक्का प्रक्रिया मार्फत् कपुरकोट गाउँपालिकाको वडा नं ३, ४, ५ र ६ मा सञ्चालन हुने ग्रामिण विद्युत विस्तार कार्यक्रमलाई क्रमागत योजनामा राखी तपसिल बमोजिम आन्तरिक तर्फका रकम र योजनाहरू संशोधन तथा रकमान्तर गर्ने निर्णय गरियो ।

**(समानिकरण शिर्षक तर्फ)**

| क्र.सं. | साविक खर्च शिर्षक | रकम | घटाउने | बढाउने | संशोधन भै कायम भएको रकम |
|---|---|---|---|---|---|
| १ | विधुत विस्तार | १०००००००।० | ५०००००००।० | | ५०००००००।० |
| २ | वडा नं.४ विधुत विस्तार | २०००००००।० | २०००००००।० | | ०।० |
| ३ | सालघारी पेद मा.बा.. | ०।० | ०।० | ५००००००।० | ०।० |

पाना नं. २

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | कालिका मा.वि. फिल्ड निर्माण | ०।० | ०।० | ५०००००।० | ०।० |
| ५ | विविध मर्मत | ०।० | ०।० | १२०००००।० | ०।० |
| ६ | कपुरकोट गाडापानी फलावगं मो.बा. | ०।० | ०।० | १५०००००।० | ०।० |
| ७ | विभिन्न खा.पा. योजना मर्मत कार्य | ०।९ | ०।० | ५०००००।० | ०।० |
| ८ | विभिन्न सडक योजना मर्मत कार्य | ०।० | ०।० | ३००००० | ०।० |
| ९ | विपद ( तारजाली तथा पाइप खरिद | ०।० | ०।० | २५००००० | ०।० |
| | जम्मा : | १२००००००।० | ७००००००।० | ७००००००।० | ५००००००।० |

(आन्तरिक शिर्षक तर्फ)

| क्र.सं. | साविक खर्च शिर्षक | रकम | घटाउने | बढाउने | संशोधन भै कायम भएको रकम |
|---|---|---|---|---|---|
| १ | विधुत विस्तार | ५००००००।० | ५००००००।० | | ०।० |
| ३ | सालधारी पेद मो.बा.. | ४०००००।० | ४०००००।० | | ०।० |
| ४ | कालिका मा.वि. फिल्ड निर्माण | ५०००००।० | ५०००००।० | | ०।० |
| ५ | विविध मर्मत | १२०००००।० | १२०००००।० | | ०।० |
| ६ | कपुरकोट गाडापानी फलावगं मो.बा. | १५०००००।० | १५०००००।० | | ०।० |
| ७ | विभिन्न खा.पा. योजना | ०।० | ०।० | | ०।० |
| ८ | विभिन्न सडक योजना | ०।० | ०।० | | ०।० |
| ९ | विपद ( तारजाली तथा पाइप दरिद | २५०००००।० | २५०००००।० | | ०।० |
| | जम्मा : | १११०००००।० | १११०००००।० | ०।० | ०।० |

**निर्णय नं ७**

स्थानीय तहमा पहिलो पटक निर्वाचित पदाधिकारीको पाँच वर्षे कार्य अवधिमा भएको प्रगति विवरण यथाशिघ्र तयार पारी सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

यस कपुरकोट गाउँपालिकाबाट विभिन्न जिल्ला स्तरिय खेलकुद कार्यक्रम (प्रतियोगिता) मा सहभागिता जनाउदा भएको खर्चको सन्दर्भमा पेश भएका विल भरपाईको आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

चालु आर्थिक वर्षमा कन्टिन्जेन्सी खातामा जम्मा हुने रकमबाट खर्च गर्नेगरी कन्टिन्जेन्सी योजना बनाउन सैदान्तीक सहमति दिने निर्णय गरियो ।

**निर्णय नं १०**

सुशासनमा नागरिक सहभागिता कार्यक्रम अन्तर्गत सामुदायीक युवा मञ्चले पेश गरेको ज्ञापनपत्र माथी छलफल गरी कार्यगत सुझावहरू सम्बन्धीत शाखाहरूबाट सुधार गरी कार्यान्वयन गर्ने र नीतिगत विषयहरू आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

कर्णाली जनता आवास कार्यक्रम कार्यान्वयनका लागि वडा कार्यालय मार्फत समन्वय, सहजिकरण गरी छनौट गरिएका लाभग्राहीको आवास निर्माण कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा १३२ जना लाभग्राही मध्ये पेश्की पाउन बाँकी २६ जना लाभग्राहीलाई पेश्की उपलब्ध गराई काम सम्पन्न गरी आवश्यक सबै कागजात पेश भइ आएमा प्राविधिक मुल्यांकन अनुसारको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

यस गाउँपालिकामा आइसोलेसन तथा क्वारेन्टीन निनर्माणका लागि कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट सशर्त अनुदानको रूपमा प्राप्त रू.५,००,०००/-(अक्षरूपी पाँच लाख मात्र) बाट धनवाङ स्वास्थ्य चौकी, कपुरकोट ३ मा ECG तथा Portable USG खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं १४**

कपुरकोट गाउँपालिका भित्र रहेका सबै सामुदायीक विद्यालयहरूमा शिशु कक्षामा अध्ययनरत बालवालिकालाई मनोरञ्जनात्मक बाल सिकाई अभ्यासका लागि गाउँपालिकाको स्टिकर सहितको शैक्षिक सामग्री (डिजिटल खरिपाटी) खरिद गरिएकोमा आगामी नयाँ भर्ना पश्चात उक्त डिजिटल खरिपाटी वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं १५**

यस गाउँपालिकाका मुख्य तथा शाखा सडकमा आवतजावत गर्ने तथा सडक छेउँमा बस्ने नागरिकहरूलाई धुलोको कारण सास्ती व्यहोर्नुपरिरहेको अवस्था देखिएकाले धुलो नियन्त्रणका लागि सवारि साधन शिर्षकबाट "पानि ट्यांकर" खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं १६**

गाउँपालिकाको आर्थिक व्यवस्थापनको विषयमा सार्वजनिक लेखा समितिले जाँचबुझ गरी पेश गरेको प्रतिवेदन सुझाव सहित अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं १७**

सडक मर्मतका लागि सडक बोर्ड नेपालले स्थानीय सडक मर्मत सम्भार कार्यका लागि रू.१०,००,०००/-(अक्षरूपी दश लाख मात्र) बजेट स्वीकृत गरी सझेदारीका लागि पेश गरेको प्रस्ताव स्वीकार गरी उक्त बजेटको २० प्रतिशतले हुन आउने समपुरक कोष (म्याचिङ फण्ड) को कुल रकम रू.२,००,०००/-(अक्षरूपी दुई लाख मात्र) व्यहोर्ने र ग्रामिण कृषि सडक अन्तर्गत कपुरकोट पाखापानी धैरेनी सडडक खण्ड मर्मत तथा स्तारोन्नतीमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं १८**

कोरोना भाईरस संक्रमण रोकथाम, नियन्त्रण, उपचार तथा प्रभावितहरूलाई राहतको लागि यस गाउँपालिकामा सहयोग गर्ने व्यक्ति एवम् संघसंस्थाहरूलाई स्वास्थ्य शाखाको आयोजनामा सम्मान गर्ने कार्यक्रमको लागि खर्च भएको रकम कोभिड कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

भिम बहादुर सेन
गाउँ कार्यपालिका अध्यक्ष

निर्णय प्रमाणित
२०७७/१०/२८

पाना नं. ४